मनहरी गाउँपालिकाको बहुबर्षीय ठेक्का बन्दोवस्त सम्बन्धि कार्यविधि, २०८०

कार्यपलिकाबाट स्विकृत मिति २०८०।११।३०
प्रमाणिकरण मिति २०८०।१२।०२

बहुबर्षीय आयोजनाहलाई सरल र अनुमानयोग्य बनाउन, बहुबर्षीय आयाृजनाको ठेक्का बन्दोबस्तमा स्रोतको सुनिश्चितता कायम गर्न तथा लागत र आयोजना व्यवस्थापनमा वित्तीय अनुशासन कायम गरी निर्दिष्ट समयावधि भित्र आयोजना सम्पन्न गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीयभएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि मनहरी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि ज़ारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम "मनहरी गाउँपालिकाको बहुबर्षिय ठेक्का बन्दोबस्त सम्बन्धि कार्यविधि २०८०" रहेको छ ।

२) यो कार्यविधि मनहरी गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

३) यो कार्यविधि मनहरी गाउँपालिका भर लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) बहुवर्षीय आयोजना भन्नाले आयोजना सम्पन्न गर्न एक बर्ष भन्दा बढी समयाबधि लाग्ने प्रकृतिका आयोजनालाई सम्झनु पर्दछ ।

२) खरिद ऐन भन्नाले खरिद सम्बन्धी प्रचलित कानुनलाई सम्झनु पर्दछ ।

३. बहुबर्षिय ठेक्का बन्दोबस्तको लागि आधार तथा मापदण्ड : देहाय बमोजिमका आधार पुरा भएको आयोजनालाई बहुबर्षिय ठेक्का बन्दोबस्तीमा लैजान सकिनेछ ।

१) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

२) आवश्यकताको आधारमा सम्भाव्यता अध्ययन वा आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन तथा वातावरणीय परीक्षण सम्पन्न भएको,

३) बहुबर्षिय ठेक्का बन्दोबस्तको लागि जग्गा प्राप्तिको प्रकृया पुरा भएको,

४) आयोजना राष्ट्रिय वा प्रादेशिक वा गाउँपालिकाको महत्वको आयोजनाको रुपमा भएको,

५) मध्यमकालिन खर्च संरचना वा बार्षिक बजेटमा स्रोत सुनिश्चितता भएको,

६) सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसंग सम्झौता भै स्रोत सुनिश्चित भएको,

७) कुल लागत पचास लाख भन्दा बढी भएको,

८) आयोजनाको दायित्व फरफारक गर्न कम्तिमा एक बर्ष भन्दा बढी समय लाग्ने अवस्था रहेको,

९) संघ वा प्रदेशसंग लागत साझेदारीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र अनुपात अनुरुप लगानीको रकम सुनिश्चित भएको,

१०) प्रत्येक बर्ष सञ्चालन हुने क्रियाकलाप र नतिजा झल्किने गरी खरिद गुरुयोजना स्विकृत भएको,

११) खरिद ऐनका स्थापित मान्यता प्राप्त भएको ।

४. बहुवर्षीय ठेक्का/खरिद सम्झौता गर्न सकिने: (१) देहायका अवस्थामा बहुवर्षीय खरिदको सम्झौता गर्नु पर्ने भएमा बहुवर्षीय खरिदको सम्झौता गर्न सकिनेछ ।

१) वार्षिक खरिद सम्झौता गरी खरिद गर्नु भन्दा बहुवर्षिय सम्झौता गरी खरिद गर्दा गाउँपालिकालाई सारभुतरुपमा लाभ हुने भएमा ,

२) खरिद सम्झौताको अवधिभरमा खरिदको परिमाण सारभुत रुपमा थपघट नहुने भएमा,

३) खरिद समझौता अवधिभर खरिद गरिने मालसामानको डिजाईन परिवर्तन नहुने भएमा,

४) मालसमान आपुर्तिसंग सम्बन्धित प्राविधिक जोखिम बढी नहुने भएमा,

५) स्रोतको कमीले गर्दा एकै बर्षमा काम सम्पन्न नहुने भएमा ।

(२) उपदफा (१) बमोजिम बहुवर्षीय खरिदको सम्झौता गर्न आवश्यक देखिएमा स्विकृतिको लागि कार्यपालिका वैठकमा पेश हुनेछ । कार्यपालिकाले आश्यक पक्षको विश्लेषण गरी स्विकृत गर्न सक्नेछ ।

५. बजेट व्यवस्था : कार्यपालिकाले बहुवर्षीय खरिद/ठेक्का सम्झौताको लागि आवश्यक बजेटको व्यवस्था गर्नेछ ।

६. बचाउ: यस अघि कार्यान्वयनमा रहेका बहुवर्षीय खरिद/ठेक्का सम्झौता यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

७. संशोधन: कार्यपालिकाले यस कार्यविधिको आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

प्रमाणित गर्ने
रन्जन कालाखेती
गाउँपालिका अध्यक्ष

रन्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल